

# ओसिया कोलिनिसाउ

# मेरो सबै आनन्दको स्रोत

म आफ्नो रग्बी क्यारियरमा जहाँ पुगेको छु, त्यहाँसम्म पुग्न धेरै कडा परिश्रम गरेर प्रशिक्षण लिनुपर्‍यो । म मेरो बुबाले दिनुभएका सबै शिक्षा र सहायताको लागि आभारी छु । एक पादरीको हैसियतले, मेरो बुबाले मलाई कडा परिश्रम र येशु ख्रिष्टमा विश्वास गर्नाले कुनै पनि कुरा असम्भव छैन भन्ने कुरा सिकाउनुभयो । त्यो चरितार्थ भएको मैले आफ्नै जीवनमा देखेको छु । मलाई थाहा छ, मलाई मेरो प्रतिभा वरदान दिनुहुने ख्रिष्ट नै हुनुहुन्छ र म उहाँको महिमाको लागि प्रयोग गर्नका लागि प्रदान गर्नुभएका अवसरहरूको लागि म उहाँप्रति आभारी छु ।

2016 रियो ओलम्पिक्समा सहभागी हुने कुरा अविश्वसनीय थियो । उनीहरूले मलाई हाम्रो देशको झण्डा बोक्ने म हुनेछु भनेर बताउँदा, वास्तवमै यो मेरो लागि ठूलो कुरा थियो । त्यस भन्दा पहिले मैले ओलम्पिकको उद्घाटन समारोह हेर्दा, म बत्तीहरू, सबै खेलाडीहरू बाहिर निस्केको र धेरै देशहरूको प्रतिनिधित्व गर्ने झन्डाहरू हेर्थें । संसारकै एक महान खेलकुद महोत्सवमा झण्डा लिएर बाहिर आउने कुरा थाहा पाउँदा म भावुक बनेँ । रग्बी फिजीको नम्बर 1 अन्तर्राष्ट्रिय खेल हो । मलाई आफ्नो र मेरो टोलीको मात्र नभई मेरो परिवार र मेरो देशको पनि प्रतिनिधित्व गर्न पाउँदा मलाई गर्व लागेको थियो । यो एक ठूलो गौरव थियो ।

ओलम्पिकमा हुनुले ममा पूरै नयाँ तहको

**ओसिया कोलिनिसाउ** एक पेशेवर फिजी रग्बी खेलाडी हुन् जसले 2016 को रियो ओलम्पिक्समा आफ्नो देशको तर्फबाट झण्डा बोक्ने खेलाडी थिए । उनी फिजी सेभेन्स टोलीका कप्तान पनि हुन् र उक्त टोलीलाई स्वर्ण पदकसम्म हासिल गराए — ओलम्पिक खेलमा फिजीको पहिलो पदक । कोलिनिसाउले पेशेवरका रूपमा अमेरिकाका प्रमुख लिग रग्बीमा खेल्छन् ।

AP फोटोहरू / कामरान जेब्राइली, तेम्बा हाडेबे

सबैभन्दा मनपर्ने पद:

## "म जन्मिनुभन्दा अघि नै परमप्रभुले बोलाउनुभयो, म आमाको गर्भमा हुँदा नै मेरो नाउँ काढ्नुभयो।" — यशैया 49:1





आनन्द ल्यायो। पहिले, हाम्रो राष्ट्रिय गान बज्दा म सँधै रुने गर्थें। तर ओलम्पिक गेमहरूमा, म नमुस्कुराई रहन सकिनँ।

मानिसहरूले मलाई सोध्थे, "तपाईं किन यति धेरै मुस्कुराउँदै हुनुहुन्छ?" र, मैले जवाफ दिन सकिनँ। मभित्र गुम्सिरहेको खुशीको कारणले मलाई हाँस्न मात्र मन लागिरहेको थियो।

तर आफ्नो देशको प्रतिनिधित्व गर्ने अवसरभन्दा पनि ठूलो म परमेश्वरको राज्यको प्रतिनिधित्व गर्ने सुअवसर हो। त्योसँग अरू कुनै कुराको तुलना हुन सक्दैन! तपाईं एक स्वर्ण पदक जित्न सक्नुहुन्छ, तर सबैभन्दा ठूलो पुरस्कार भनेको तपाईं परमेश्वरका छोराछोरी हुनुहुन्छ भनेर जान्नु हो। कुनै पनि व्यक्तिको लागि सबैभन्दा ठूलो लक्ष्य भनेको येशुलाई उनीहरूको निजी प्रभु र मुक्तिदाताको रूपमा चिन्नु हुनुपर्दछ।

परमेश्वरले मलाई रग्बी खेलको लागि आनन्द दिनुहुन्छ। मेरा सबै आनन्दको स्रोत उहाँ नै हुनुहुन्छ। ममा ख्रिष्ट हुनुभएर, म एउटा यस्तो शान्ति र निश्चिन्तता महसुस गर्दछु जुन व्यक्त नै गर्न सकिँदैन। मेरो टोलीका साथीहरू र मैले सुनिश्चित गर्छौँ कि हरेक पटक खेल्नु अघि र पछि हामी प्रार्थना गर्न र परमेश्वरसित समय बिताउँछौं। बिहान हामी एक साथ भक्ति गर्छौँ र त्यसपछि हामीले प्रशिक्षण लिइसकेपछि फेरि गर्छौँ। हामी सबैलाई थाहा छ, येशु ख्रिष्टकै कारणले हामी यो खेल खेलिरहेका छौँ। उहाँ जसले हामीलाई मृत्युबाट बचाउनु भयो र हामीलाई उहाँको मृत्यु मार्फत हामीलाई जीवन दिनुभयो र पुनरुत्थान हाम्रो पक्षमा छ।

जब म रग्बी खेल्न बन्द गर्छु, मलाई आशा छ, मानिसहरूले पछाडि फर्केर हेर्नेछन्, मैले खेलेको तरिकामा ध्यान दिने छन् र म भिन्न थिएँ भनेर बुझ्ने छन् — मैले जे गरेँ, त्यसको कारणले होइन, बरु जसमा म विश्वास गर्दछु। जब मानिसहरूले आज म यस स्थानमा पुगेको देख्छन्, म ख्रिष्टकै कारणले मात्र पुगेको हुँ भन्ने कुरा उनीहरूलाई थाहा दिन चाहन्छु।

मेरो जीवनमा ख्रिष्ट नआइदिनुभएको भए, म आज यो स्थानमा हुन्नथें। मैले ओलम्पिक पदक जित्न सक्दिनथें। म खुशी छु कि परमेश्वरले मलाई प्रतिस्पर्धा गर्न र जित्न चयन गरिदिनुभयो, तर म अझ खुशी केमा छु भने म उहाँको राज्यको एक हिस्सा हुँ, जुन कुरा सुनभन्दा पनि मूल्यवान हो।

